# अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौँको

## सूचना

**(प्रकाशित मिति : २०७९/०९/१८)**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३२औँ स्थापना दिवस (२०७९ माघ २८) को उपलक्ष्यमा आयोजना गर्न लागिएको **"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन"** सम्बन्धी निम्न खुला प्रतियोगिता आह्वान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| कविता प्रतियोगिता | नारा (Slogan) प्रतियोगिता | निबन्ध प्रतियोगिता |
|---|---|---|
| यस आयोगको **"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन"** सम्बन्धी **'खुला राष्ट्रव्यापी कविता लेखन प्रतियोगिता'** मा सहभागिताका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।<br>अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्राप्त कविताहरूमध्ये प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने प्रतियोगीलाई नगद र प्रमाणपत्र सहित आयोगको ३२औँ स्थापना दिवस (२०७९ माघ २८ गते) को अवसरमा आयोजित कार्यक्रममा पुरस्कृत गरिनेछ। | भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्बन्धी उत्कृष्ट नाराहरूलाई पुरस्कृत गर्ने कार्यक्रम रहेको हुँदा मौलिक तथा सन्देशमूलक नारा सिर्जना गरी आयोगको वेबसाइट www.ciaa.gov.np मा गएर वा यस (http://bit.ly/3UH0Scg) लिङ्क वा क्यु आर कोड मार्फत मिति २०७९/१०/०६ बेलुका ४:०० बजे सम्ममा उपलब्ध गराइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ।<br>**क्यु आर कोड →** | आयोग मातहतका सात वटा कार्यालयहरू (इटहरी, बर्दिबास, हेटौँडा, पोखरा, बुटवल, सुर्खेत र कञ्चनपुर) मार्फत कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीका बीच आयोजना गर्न लागिएको **"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन"** विषयक निबन्ध लेखन प्रतियोगितामा सहभागिताका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।<br>प्रस्तुत प्रतियोगितामा प्रथम हुने विद्यार्थीमध्ये १ जना सर्वोत्कृष्ट विद्यार्थीलाई ३२औँ स्थापना दिवस (२०७९ माघ २८ गते) को अवसरमा समेत पुरस्कृत गरिनेछ। |

यस सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइट www.ciaa.gov.np मा प्रकाशित गरिएको छ।